परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक



'कोशीको गौरव हिमालको सान
पर्यटन वर्षमा सबैलाई सम्मान'
कोशी प्रदेश पर्यटन बर्ष,
२०८२ सफल पारौं ।
प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
कोशी प्रदेश नेपाल

❑ वर्ष १४ ❑ अंक ४३ २०८३ जेष्ठ १७ आईतवार Sunday, 31 MAY 2026 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## बालेनको बजेटबाट उद्योगीहरु उत्साहित





विराटनगर । बालेन सरकारले आर्थिक वर्ष २०८३-०८४ का लागि संघीय सरकारले शनिवार सार्वजनिक गरेको वजेटप्रति कोशी प्रदेशका उद्योगी व्यवसायी उत्साहित भएका छन् । उनीहरुले अब वजेटको प्रभावकारी कार्यान्वय हुनुपर्नेमा जोड दिएका छन् ।

आर्थिक वर्ष २०८३/८४ को नयाँ बजेटमार्फत सरकारले सुशासन र आर्थिक पुनरुत्थानलाई केन्द्रमा राख्दै शिथिल बनेको निजी क्षेत्रको मनोबल उकास्ने र लगानीमैत्री वातावरण निर्माण गर्ने उद्देश्यका साथ विभिन्न नीतिगत तथा व्यावहारिक व्यवस्थाहरू अघि सारेकोकमा उद्योग बाणिज्य महासंघ कोशी प्रदेशका अध्यक्ष राजेन्द्र राउतले खुशी व्यक्ति गरेको छ । उहाँले २७३ वटा वस्तुमा भंसार दर घटाउनुका साथै औद्योगिक कच्चा पदार्थमा एकतह मुनि भंसार दर लाग्ने, ३६० वटा वस्तुमा अन्त:शुल्क खारेज गर्ने, व्यक्तिगत आयकरको सीमा १० लाख कायम गरिने, उधारो कानून ल्याउने, सडक, पूर्वाधार आदि लगायतका करलाई एकीकृत गरि हरित कर लगाउने, देशको पहिलो एआइ कम्प्यूटर स्थापना गरिने, विदेशी लगानी फिर्ताको लागि राष्ट बैंक संग स्वीकृत लिनु नपर्ने, २ करोड सम्म पूंजी लगानी गर्ने कृषकलाई ४० प्रतिशत अनुदानको व्यवस्था लगायतका कुराहरु सकारात्मक देखिएको प्रतिक्रिया दिएका थिए ।

कर प्रणालीमा व्यापक सुधार भएको छ। करिब दुई दशकपछि देशको समग्र कर संरचनालाई पुनरावलोकन गर्दै उद्यमी, साना व्यवसायी र मध्यम वर्गीय परिवारमाथिको करको भार कम गर्ने योजना ल्याइएको छ।' कृषि, ऊर्जा, पर्यटन, र सूचना प्रविधि क्षेत्रलाई अर्थतन्त्रको मुख्य चालक मान्दै सार्वजनिक-निजी साझेदारी मोडेलमा ठूला पूर्वाधारहरू अगाडि बढाउने व्यवस्था गरिनु राम्रो भएको राउतको भनाई थियो ।

नेपाल उद्योग बाणिज्य महासंघका केन्द्रीय सदस्य नविन रिजालले समग्रमा निजी क्षेत्र मैत्री बजेट आएको वताए । उहाँले निजी क्षेत्रले उठाइरहेका प्रमुख मुद्दाहरूमा उधारो

वांकी अन्तिम पेजमा...

## सांस्कृति प्रवर्द्धनको लागि आज किताब मेला

विराटनगर । विराटनगरको ऐतिहासिक, प्राज्ञिक तथा सांस्कृतिक गरिमालाई प्रवर्द्धन गर्ने उद्देश्यका साथ भोली जेठ १७ गते किताब मेला २०८३ लाग्ने भएको छ ।

हिमालयन रोड किताब मेलाको मुख्य उद्देश्य पठन संस्कृतिलाई प्रर्वधन गर्नु, पुस्तक पसल हरु लाई समवेश गर्ने, पाठक र लेखकहरूलाई सिधै जोड्ने र बौद्धिक विमर्शको वातावरण सृजना गर्ने रहेका ग्रीनसीटी भोलिन्टयर्स विराट नगरका कृतिका मण्डलले पत्रकार सम्मेलनमा वताईन ।

समाजमा ज्ञानको पहुँचलाई सहज बनाउँदै नयाँ पुस्तामा अध्ययनप्रतिको रुचि र रचनात्मक चिन्तनको विकास गराउन ठूलो सहयोग पुग्ने नितु सेनले वताईन ।

मेलाका प्रमुख विशेषता पुस्तक प्रदर्शनी, साहित्य कुना पाठकहरूका लागि बसेर पढ्ने र साहित्यिक वातावरणको अनुभव रहेको दिगो विकास इन्सटिच्युटका अभिषेक श्रेष्ठले वताए ।

दिउँसो १ बजे शुरू हुने मेलाको पहिलो सत्रमा विराटनगरमा साहित्य : विगतदेखी वर्तमानसम्म वक्ताहरूमा खेम राज नेपाली, निर्मला कोईराला र कर्ण सन्जय रहनेछ ।दोस्रो सत्रमा नेपाली वाङमय र विराटनगरको वक्ताहरूमा मनु मन्जिल, दिनेश श्रेष्ठ र सगुना साह रहनेछ ।

त्यस पश्चात् कविता वाचन, सांस्कृतिक नृत्य र कलाका विविध स्वरूपहरूको प्रस्तुति रहनेछ ।

हिमालय रोड, विराटनगरमा लाग्ने हिमालयन रोड किताब मेला २०८३ मा करीब २ लाख खर्च लाग्ने आयोजकले वताए ।

उक्त मेला दिगो विकास इन्स्टिच्युट, ग्रीन सिटी भोलुन्टियर विराटनगर, नर्थ साउथ कलेक्टिभ्स, पुस्तक बिक्रेता तथा स्थानीय साहित्यिक व्यक्तित्व एवं जागरूक युवाहरूको संयुक्त पहल रहेकोछ ।






## बालेनको...

कानुनको कुरा रहेको वताउँदै निजी क्षेत्रको लागि १० लाख रुपैयाँसम्मको आयकरमा विशेष सुविधाको छुटको कुरा आएकोमा खुशी व्यक्त गरेक थिए ।

उद्योगी महेश जाजुले बजेटले आगामी दिनमा आर्थिक क्षेत्रमा फड्को मार्ने विश्वास लिएको भन्दै उहाँल 'हामीले माग गरेको कुरालाई सरकारले संवोधन गरेको छ, मलाई लाग्छ कि जुन हामीले विगतमा मन्दीको कुरालाई अहिले आएर यो सम्बोधन भएको छ भन्ने हामीले विश्वास लिएका छौं र बजेट आउने दिनको लागि कार्यान्वयनको पक्ष महत्वपूर्ण छ ।' विराटनगरका सवालमा अन्तर्राष्ट्रिय विमानस्थल, विशेष आर्थिक क्षेत्र, विराटनगरको रिङरोडको विषयहरु सम्बोधन नभएको उद्योगी जाजुले गुनासो गरेका थिए ।

नेपाल उद्योग परिसंघ कोशी प्रदेशका अध्यक्ष पवन सारडाले बजेट कल्पना गरेको भन्दा राम्रो आएको बजेटलाई हामी निजी क्षेत्रले स्वागत गरेका छौं । संविधान आएको आज १० वर्ष भइसक्यो । हामीले यही कुराहरू राज्यसमक्ष १० वर्षमा मागिराखेका थियौं । यसअघिका सरकारले हाम्रो कुरालाई सम्बोधन गरेको थिएन । यस पटक माग संवोधन भएको छ ।'

उद्योग संगठन मोरङका अध्यक्ष नन्दकिशोर राठीले उद्योगी व्यवसायीलाई समृद्ध बनाउने गरि क्रान्तिकारी बजेट आएको भन्दै आयकरमा पनि धेरै परिवर्तन गरेको छ । व्यक्तिगत, दम्पतीको र अधिकतम आयकर स्ल्याबमा पनि उद्योगी व्यवसायीका लागि जुन म्याक्सिमम स्ल्याब थियो, त्यसमा पनि १० प्रतिशत घटाएको छ । यो स्वागतयोग्य छ ।'

मोरङ उद्योग व्यापार संघका कार्यवाहक अध्यक्ष अनिल शाहले बजेट समग्रमा राष्ट्रव्यापी रूपमा धेरै राम्रो बजेट आएको भन्दै राष्ट्रलाई एउटा स्वाभिमानी राष्ट्र बनाउनको हिसाबमा बजेट आएको उहाँको प्रतिक्रिया थियो। उहाँले भन्नुभयो,' बजेटले विराटनगरलाई हेर्नुपर्ने थियो, त्यो हिसाबले विराटनगरलाई हेरिएन, त्यो चाहिँ हाम्रो एउटा गुनासो छ ।'

# गणतन्त्र दिवसको अवसरमा गणेश मन्दिर परिपरि सरसफाई



विराटनगर । गणतन्त्र दिवसको अवसरमा विराटनगर महानगरपालिका वडा नं. ८ प्रगति विनायक टोलमा रहेको विघ्न विनाशक गणेश मन्दिरको वरिपरि मन्दिर व्यवस्थापन समिति र टोलवासीहरूले सरसफाइ गरेका छन् ।

गणेश मन्दिर व्यवस्थापन समितिका अध्यक्ष राजेन्द्र कुमार थापाको अगुवाइमा मन्दिरको वरिपरि सरसफाइ गरेको हो ।

गणतन्त्र दिवसको अवसरमा भएको सरसफाइमा विराटनगर-८ का वडा सदस्य भुवन राजवंशी, पवित्रा विक, मन्दिर व्यवस्थापन समितिका सचिव अन्जनी पोखरेल, उप सचिव विरेन्द्र थापा, कोषाध्यक्ष लक्ष्मी पोखरेल, सदस्य कृष्ण भट्टराई, श्यामसुन्दर सुतिहार, सुरेश चौधरी, राम प्रसाद गुप्ता, कुमार बस्नेत, राम चन्द्र अधिकारी, ईश्वरी कार्की, भरत निरौला र समाज सेवी गोपाल ढकाल, मन्दिरको गुरू प्रकाश निरौला लगायत टोलवासी हरूको उपस्थित रहेको थियो ।

मन्दिर लगायत आ-आफ्नो घर वरिपरि सरसफाइ राख्न सहभागीहरूले आह्वान गर्दै "सरसफाइ सभ्य मानिसको पहिचान पनि हो" । सरसफाइ गर्नु हाम्रो कर्तव्य पनि हो वहाँहरूको भनाइ थियो ।

स्वस्थ वातावरण, स्वस्थ जीवनको आधार

- स्वच्छ र हरित वातावरण निर्माणमा सबैले योगदान दिऔं,
- प्लाष्टिकजन्य पदार्थको प्रयोग घटाऔं र पुन:प्रयोगलाई प्राथमिकता दिऔं,
- वृक्षारोपण गरौं र वन संरक्षणमा सक्रिय बनौं,
- प्रदुषण घटाउन सबै मिलेर सहकार्य गरौं,
- फोहर व्यवस्थापन र सरसफाईमा दिऔं,
- नवीकरणीय उर्जाको प्रयोग बढाऔं,
- जैविक विविधताको संरक्षण गरौं,

हरित पृथवी, सुरक्षित भविष्य ।

नेपाल सरकार, विज्ञापन बोर्ड

तुलसी प्याथोलोजी ल्याब एण्ड क्लिनिक
कोशी अस्पताल को अगाडी, विराटनगर
बिरामीहरूको लागि खुशीको खबर !!
ल्याब जाचमा ५०% सम्मको छुट
सम्पर्क नं. ९८४१३४८६४७ ९८१३२५४४७५
1. HBA1C
2. Lipid Profile
3. Liver Function Test (LFT)
4. Renal Function Test (RFT)
5. Thyroid Test (TFT)
6. Stool R/E
7. Urine R/E
8. Vit. D
9. Cardiac Function Test (CFT) etc...
नि:शुल्क सुगर जाँच
यो सेवा प्रत्येक शनिवारको लागि मात्र रहनेछ ।
समय: विहान ७:०० बजेदेखि दिउँसो १२:०० बजेसम्म ।

भर्ना खुल्यो !
SEE/SLC उतिर्णहरुको लागि
स्वास्थ्य प्राविधिक विषयहरू (३ बर्ष)
- डिप्लोमा इन फिजियोथेरापी
- मेडिकल ल्याव टेक्नोलोजी (CMLT)
- सामान्य चिकित्सा (HA)
- डिप्लोमा इन फार्मेसी (DPH)
- पि. सि. एल. नर्सिङ (Staff Nurse)
Online फारम भर्ने अन्तिम मिति: २०८३/०२/१३ गते सम्म
"SEE/SLC उत्तीर्ण गरी न्यूनतम औसत GPA २ प्राप्त गरेका विद्यार्थीहरूले Online वा कलेजमा आएर फारम भर्न सक्नुहुन्छ।"
Online फारम भर्नको लागी दिईएको QR Scan गर्नुहोला ।
थप जानकारीको लागी
कोशी हेल्थ ईन्स्टिच्युट
तिनपैनी, विराटनगर-१, मोरङ, नेपाल | सम्पर्क नं.:- ०२१-५१२५८४, ९८५२०३१२७४

Affiliated to CTEVT
GOLDEN PARK COLLEGE
Biratnagar-3, Bargachhi | Estd: 2066 B.S.
ADMISSION OPEN
CTEVT द्वारा सम्बन्धन प्राप्त ३ बर्षे कोर्षहरु:
Engineering
- Diploma in Civil Engineering
- Diploma in Computer Engineering (IT)
- Diploma in Electrical & Electronics Engineering
Health
- General Medicine (HA)
- Lab Technician (CMLT)
- Diploma in Pharmacy
- Diploma in Radiography
Online फारम भर्ने अन्तिम मिति: २०८३ जेष्ठ १३ गते सम्म



For more info.
9852024616, 9842050416
021-464344
gpcbiratnagar@gmail.com
APPLY NOW

परिवर्तनको लागि क्राईम अपरेशन
Crime Operation साप्ताहिक
प्रवन्ध निर्देशक : सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२, ९८०७३५२२१३
संवाद दाता : मंजु शर्मा कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट : विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

### महत्वाकांक्षी बजेट, कार्यान्वयनमा ध्यान जाऔंस

महत्वाकांक्षी बजेट, कार्यान्वयनमा ध्यान जाओस्

बालेन सरकारले शनिवार आगामी आर्थिक वर्षका लागि महत्वाकांक्षी बजेट सार्वजनिक गरेको छ। बजेटले आर्थिक वृद्धि, रोजगारी सिर्जना, उत्पादन वृद्धि, पूर्वाधार विकास तथा सामाजिक सुरक्षाका कार्यक्रमलाई प्राथमिकतामा राखेको देखिन्छ । मुलुकको आर्थिक गतिविधिलाई चलायमान बनाउने, निजी क्षेत्रलाई प्रोत्साहन गर्ने तथा जनतामा आशा जगाउने उद्देश्यले ल्याइएको बजेट सकारात्मक पक्ष रहेको आम नागरिकको प्रतिक्रिया छ। बजेट कति महत्वाकांक्षी छ भन्नेभन्दा पनि त्यसको प्रभावकारी कार्यान्वयन कति हुन्छ भन्ने विषय बढी चासोको विषय हो ।

नेपालमा विगतका धेरै बजेटहरूमा आकर्षक कार्यक्रम र ठूला लक्ष्य राखिए पनि कार्यान्वयन पक्ष कमजोर रहँदै आएको यथार्थ छ। बजेटमा उल्लेख गरिएका योजनाहरू समयमै सम्पन्न नहुने, विकास खर्च न्यून हुने, ठेक्का व्यवस्थापनमा समस्या आउने तथा प्रशासनिक ढिलासुस्तीका कारण अपेक्षित उपलब्धि हासिल हुन नसकेको अनुभव हामीसँग छ। वर्षको अन्त्यतिर हतारमा खर्च गर्ने प्रवृत्तिले विकासको गुणस्तरमा समेत प्रश्न उठ्दैआएको छ । यसपटकको बजेटले उत्पादन, पर्यटन, कृषि, ऊर्जा र पूर्वाधार क्षेत्रलाई प्राथमिकता दिएको छ ।

बजेट कार्यान्वयनको सफलताका लागि राजनीतिक प्रतिबद्धता, सक्षम प्रशासनिक संयन्त्र तथा नियमित अनुगमन अपरिहार्य छन् । योजना छनोटदेखि कार्यसम्पादनसम्मका प्रत्येक चरणमा नतिजामुखी दृष्टिकोण अपनाउनुपर्छ। साथै, भ्रष्टाचार नियन्त्रण, सार्वजनिक खर्चको प्रभावकारिता वृद्धि तथा विकास आयोजनाको समयमै सम्पन्नतामा विशेष ध्यान दिन आवश्यक छ। त्यसैले आगामी दिनमा बजेटको सफल कार्यान्वयन नै सरकारको वास्तविक चित्रण गर्नेछ।

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : तपाईका विरोधीहरु परास्त हुनुकासाथै मान सम्मान समेत मिल्ने योग रहको छ।** यूवायूवतीहरुको लागि नयांजीवन साथी मिल्ने छ।

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : आर्थिक पक्ष राम्रोरहेकाले व्यापार व्यवसायवाट राम्रै नाफा मिल्ने तथा परिवारिक सुख प्राप्तीको योग समेत रहेको छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : मनमा अनावश्यक तर्ककतर्कले डेरा जमाउने योग देखिन्छ। गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पुऱ्याएर काम गर्नुहोला।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : विद्यार्थीवर्गका लागि पढाईमा गहिरो लगाउ हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी हुने प्रवल सम्भावना छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : शाररीक अवस्थाका साथै आलश्य बढ्ने योग रहेको छ। नाना तरहका अनावश्यक विषयलेमानसिक तनाव उत्पन्न गराउने देखिनछ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** : पारिवारिक चिन्तालेसताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवाद पर्नै सम्भावना रहेको छ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू): आर्थिक पक्ष सवल रहेको छ। आत्मवल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता बढ्ने छ।**

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : मेवा मिष्ठानका परिकार प्राप्त हुने वेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ **हुने प्रवल सम्भावन देखिन्छ।**

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : महिनाको पुर्वाद्धमा मिसत्रहरुसंग धनमाल तथा मनोरञ्जनको अवसर मिल्ने छ। भने उत्तरार्द्धमा मान क्षति र अपमान आउन सक्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द) :सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाइलो मात्रको सुवर्ण अवसर मिल्ने प्रवल सम्भावना रहेको छ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : शत्रुहरुको शिर निहुरिनेछ। भने वादविवादमा विजय मिल्ने योग रहेको छ। पेट,आंखा तथा सामान्य शारीरिक अस्वस्थ्यता देखापर्ने छ।

# कोशी प्रदेश सरकारको २०८३-८४ को नीति तथा कार्यक्रमको पूर्णपाठ

माननीय प्रदेश प्रमुख श्री परशुराम खापुङ्गले कोशी प्रदेश सभाको बैठकलाई गर्नु भएको सम्बोधन

(आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम)

माननीय सभामुख महोदय,
माननीय सदस्यहरू,

कोशी प्रदेश सभाको बैठकमा प्रदेश सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा खुशी व्यक्त गर्दछु।

नेपालको सामाजिक रूपान्तरण, लोकतन्त्र तथा नागरिक अधिकार प्राप्तिका लागि भएका सबै आन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु। घाइते एवम् बेपत्ता योद्धाले पुर्‍याउनु भएको योगदानको स्मरण गर्दै अग्रजप्रति उच्च सम्मान व्यक्त गर्दछु।

"स्वच्छ, सुखी र समुन्नत प्रदेश" निर्माण गर्ने दीर्घकालीन सोचका साथ कोशी प्रदेशको दोस्रो आवधिक योजना कार्यान्वयनमा रहेको छ। नीतिगत, कानुनी तथा संस्थागत सुधार गरी प्रदेशले तय गरेका लक्ष्य हासिल गर्न तथा प्रदेशलाई सबल, सक्षम र नागरिकमैत्री बनाउन प्रदेश सरकार प्रयासरत छ। प्रदेश सरकारले हालसम्म प्राप्त गरेका उपलब्धिलाई संस्थागत गर्न, नागरिकमा आशा र भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्न तथा संविधानको मर्म एवम् भावना अनुरूप संघीय प्रणालीलाई संस्थागत गर्न प्रदेश सरकार प्रतिबद्ध छ।

कोशी प्रदेशले बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहु साँस्कृतिक तथा भौगोलिक विविधतायुक्त प्रदेशका रूपमा आफ्नो पहिचान स्थापित गरेको छ। जातीय, भाषिक, धार्मिक तथा लैङ्गिक लगायतका विभेदको अन्त्य गर्दै आर्थिक समानता, समृद्धि र सामाजिक न्यायमा आधारित समतामूलक समाज निर्माण गर्न कोशी प्रदेश सरकार क्रियाशील रहेको छ।

संघ, प्रदेश तथा स्थानीय तहबीचको सहकार्य, सह अस्तित्व र समन्वयलाई सुदृढ गरी दिगो, सन्तुलित र समावेशी विकास मार्फत संघीयताको सबलीकरण गर्दै समृद्धि हासिल गर्नु प्रदेश सरकारको मूल ध्येय रहेको छ।

संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि भएका आन्दोलनको जगमा संविधान सभामार्फत निर्माण भएको संविधानप्रति प्रदेश सरकार पूर्ण प्रतिबद्ध रहेको छ। संविधानको मर्म, लोकतान्त्रिक मूल्यमान्यता र नागरिक अधिकारलाई अक्षुण्ण राख्दै प्रदेश सभामा प्रतिनिधित्व गर्ने सबै राजनीतिक दलसँगको समन्वय र सहकार्यलाई थप सुदृढ बनाइने छ।

आर्थिक वर्ष २०८३/८४ का लागि प्रस्तुत नीति तथा कार्यक्रम नेपालको संविधानले निर्दिष्ट गरेका संघ, प्रदेश तथा स्थानीय तहका एकल एवम् साझा अधिकारको प्रभावकारी कार्यान्वयनतर्फ केन्द्रित रहेको छ। दीर्घकालीन महत्वका नीतिगत निर्णय, सोह्रौं आवधिक योजना, प्रदेशको चालु आवधिक योजना, दिगो विकास लक्ष्य, मध्यम आय भएका मुलुकमा स्तरोन्नति पश्चात् दिगोपन सुनिश्चित गर्ने रणनीति, राजनीतिक दलले जनतासमक्ष व्यक्त गरेका प्रतिबद्धता तथा प्रदेश सरकारको न्यूनतम साझा कार्यक्रमलाई आधार मानी नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ।

यस नीति तथा कार्यक्रमले निम्न विषयलाई प्राथमिकतामा राखेको छ।

क. संविधानको मर्म र भावना अनुरूप संघ, प्रदेश तथा स्थानीय तहका एकल र साझा अधिकार को प्रभावकारी कार्यान्वयन गर्दै प्रदेश संरचनाको संस्थागत सुदृढीकरण, सुशासन एवम् गुणस्तरीय सेवा प्रवाहमार्फत संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई सबल बनाउने।

ख. आन्तरिक राजस्वको दायरा विस्तार, वित्तीय सुशासन तथा विकासका लागि आवश्यक स्रोतको दिगो व्यवस्थापन सुनिश्चित गर्न नीतिगत तथा संस्थागत सुधार गर्ने।

ग. भौगोलिक सन्तुलन, जनसङ्ख्याको वितरण, लैङ्गिक समानता, गरिबी न्यूनीकरण, वातावरण संरक्षण तथा दिगो विकासका लक्ष्यलाई मध्यनजर गर्दै स्रोतको सन्तुलित र परिणाममुखी परिचालनमार्फत बढ्दो बसाइँ सराइलाई न्यूनीकरण तथा दिगो बसोबास सुनिश्चित गर्न विशेष कार्यक्रम सञ्चालन गर्ने।

घ. शिक्षा, स्वास्थ्य, कृषि, भौतिक पूर्वाधार र सूचना प्रविधि लगायतका क्षेत्रको पूर्वाधार विकासलाई उच्च प्राथमिकता दिई समावेशी, दिगो र गुणस्तरीय संरचना निर्माणमा जोड दिने।

ङ. लगानीका सम्भावित क्षेत्रको पहिचान गरी सार्वजनिक-निजी साझेदारी तथा निजी क्षेत्रको लगानीमार्फत परियोजना विकास र कार्यान्वयनका लागि आवश्यक नीतिगत, कानुनी तथा प्रक्रियागत सुधार गर्ने।

च. पर्यटन पूर्वाधारको संरक्षण, निर्माण तथा स्तरोन्नति गर्दै पर्यटकीय गन्तव्यको प्रवर्धनमार्फत पर्यटन गतिविधि विस्तार गरी स्थानीय अर्थतन्त्रलाई सुदृढ बनाउने।

छ. प्रदेशभित्र उत्पादित कृषि तथा औद्योगिक वस्तुको बजार विस्तार, निर्यात प्रवर्धन तथा पर्यटन विकासका लागि आवश्यक समन्वय गरी आर्थिक समृद्धि हासिल गर्ने।

माननीय सभामुख महोदय,
माननीय सदस्यहरू,

१. सुशासन प्रवर्धन, प्रशासकीय क्षमता विकास तथा शासकीय सुधारलाई प्राथमिकतामा राखी सार्वजनिक सेवाको गुणस्तर अभिवृद्धि गरिने छ। भ्रष्टाचार नियन्त्रणका लागि शून्य सहनशीलता को नीति अवलम्बन गरी भ्रष्टाचार विरूद्धको दोस्रो रणनीतिक योजना कार्यान्वयनका लागि संघ र स्थानीय तहसँग समन्वय र सहकार्य गरिने छ।

२. संघ, प्रदेश र स्थानीय तहबीचको अन्तर सम्बन्धलाई मजबुत बनाउन प्रदेश समन्वय परिषद् तथा प्रशासनिक समन्वय परिषद्लाई क्रियाशील बनाइने छ।

३. कार्यक्रम तथा बजेट, योजना र आयोजना कार्यान्वयन तथा अनुगमन गरी नतिजा खाकामा आवद्ध गर्न मुख्यमन्त्री ड्यासबोर्डलाई प्रभावकारी बनाइने छ।

४. मौलिक हक एवम् मानव अधिकार संरक्षण र संवर्धन गरी दलित तथा सीमान्तकृत समुदायको हक अधिकार सुनिश्चित गरिने छ।

५. प्रदेश सरकारको कार्य सम्पादनलाई छिटो छरितो र प्रभावकारी बनाउन प्रदेश मन्त्रालय तथा निकायको पुनर्संरचना एवम् एकीकरण गरिने छ। संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी कार्यचाप एवम् कार्यबोझ समेतको आधारमा संगठन संरचना र दरबन्दी पुनरावलोकन गरिने छ।

६. अन्तर प्रदेश समन्वय र सहकार्य अभिवृद्धि गर्न मुख्यमन्त्री सम्मेलन आयोजना गरिने छ। प्रदेश-प्रदेशबीचका कृषि तथा औद्योगिक उत्पादन र पर्यटन लगायतका साझा सरोकारका विषयमा सहकार्य गरिने छ।

७. प्रदेशको प्राथमिकताका आधारमा कानून निर्माण कार्य योजना तर्जुमा गरी कार्यान्वयन गरिने छ। प्रचलित प्रदेश कानूनलाई समयानुकुल संशोधन गरिने छ। प्रदेश सरकार तथा स्थानीय तहले तर्जुमा गरेका ऐन, नियमावली, निर्देशिका र कार्यविधिको अध्यावधिक विवरण विद्युतीय सूचना प्रणालीमा अभिलेखीकरण गरिने छ।

८. कोशी प्रदेशका हिमाली र पहाडी क्षेत्रबाट बढ्दो बसाइँसराई न्यूनीकरण गर्न शिक्षा, स्वास्थ्य तथा खानेपानीको पहुँच विस्तार, रोजगारी र आय आर्जनका अवसर सिर्जना गरिने छ। संघीय एवम् स्थानीय तहसँगको समन्वयमा दिगो बसोबास सुनिश्चितताका लागि न्यूनतम पूर्वाधार सहितका साना सहर विकास गरिने छ।

९. प्रदेश मन्त्रालय तथा स्थानीय तहबाट विकासमा आधारित तथ्याङ्क सङ्कलन एवम् अध्यावधिक गरी सरोकारवालाको सहज पहुँच स्थापित गरिने छ। सूचना तथा तथ्याङ्कलाई विद्युतीय अभिलेख केन्द्रमा व्यवस्थित गरिने छ।

१०. मन्त्रालय एवम् निकायको क्षमता विकास योजना कार्यान्वयन लाई निरन्तरता दिइने छ। प्रदेश सरकारको दोस्रो आवधिक योजनाको मध्यावधि समीक्षा गरिने छ।

११. प्रदेश र स्थानीय तहमा आयोजना पहिचान, वर्गीकरण, छनोट र प्राथमिकीकरणलाई यथार्थपरक र वैज्ञानिक बनाउन आयोजना बैङ्क प्रणालीलाई प्रभावकारी बनाइने छ। प्रदेश सरकारका आर्थिक तथा सामाजिक विकासका लक्ष्य प्राप्तिमा गरेको योगदानका आधारमा स्थानीय तहलाई प्रोत्साहन गर्ने नीति लिइने छ।

१२. प्रदेशमा लगानीका सम्भावनाको पहिचान गरी सार्वजनिक निजी साझेदारीमा सञ्चालन गरिने परियोजना विकास गर्न संस्थागत क्षमता अभिवृद्धि गरिने छ। परियोजना तर्जुमामा देखिएका अवरोधको पहिचान गरी कार्यान्वयनमा शीघ्रता प्रभावकारिता बढाइने छ। हिमाली र पहाडी जिल्ला समेतका महत्वपूर्ण परियोजना विकास गर्न सम्भाव्यता अध्ययन गरिने छ। स्वदेशी तथा विदेशी लगानी सहजीकरणका लागि विगतमा भएका लगानीका प्रतिबद्धताको समीक्षा एवम् नयाँ लगानीका क्षेत्र पहिचान गरी लगानी आकर्षण गरिने छ।

१३. चिया तथा कफीको अन्तर्राष्ट्रिय मापदण्ड बमोजिम गुणस्तर कायम गरी निकासी प्रवर्धन गरिने छ। चिया परीक्षण प्रयोगशाला तथा अनुसन्धान केन्द्रलाई प्रभावकारी रूपमा सञ्चालनमा ल्याइनेछ। अन्तर्राष्ट्रियस्तरको चिया सम्मेलनको आयोजना गरिने छ।

१४. प्रदेश सरकारबाट प्रवाह हुने सेवालाई क्रमशः विद्युतीय सूचना प्रणालीमा आवद्ध गरी सेवा प्रवाहलाई प्रभावकारी एवम् विश्वसनीय बनाइने छ।

१५. प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवासम्बन्धी कानुनमा सुधार गरिने छ। प्रदेश तथा स्थानीय सेवाका कर्मचारीको सरुवा, बढुवा र जिम्मेवारी प्रदान गर्ने कार्यलाई वस्तुनिष्ठ एवम् अनुमानयोग्य बनाइने छ।

१६. प्रदेश निजामती सेवा एवम् स्थानीय सरकारी सेवाका कर्मचारीलाई सेवा प्रवेश, सेवाकालिन एवम् विषयगत दक्षता अभिवृद्धि तालिम प्रदान गरी पेशागत तथा व्यावसायिक क्षमता विकास गरिने छ। प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान लगायत प्रदेश सरकार अन्तर्गतका तालिम प्रदायक संस्थाको गुणस्तर सुधार एवम् एकीकरण गरिने छ। प्रदेश निजामती सेवामा सुरू नियुक्ति हुने अधिकृतस्तरका

वांकी ३ पेजमा...

## कोशी प्रदेश...

कर्मचारीलाई तीस कार्य दिनको सेवा प्रवेश तालिम प्रदान गर्ने व्यवस्था मिलाइने छ ।

१७. प्रदेश लोक सेवा आयोगको संस्थागत सुदृढीकरण गर्दै पदपूर्ति प्रक्रियालाई छिटो, छरितो, पारदर्शी, गुणस्तरीय र प्रविधिमैत्री बनाइने छ । "ट्यालेन्ट हन्ट" अवधारणा अनुसार कोशी प्रदेशका युवा प्रतिभालाई प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवामा भित्र्याउन आवश्यक व्यवस्था मिलाइने छ ।

१८. प्रदेशको संसदीय अभ्यासलाई सुदृढ बनाउन प्रदेश सभा तथा विषयगत समितिको क्षमता विकास गरी प्रविधिमैत्री बनाउँदै लगिने छ । प्रदेश सभाको बैठकलाई साङ्केतिक भाषाबाट प्रस्तुत गर्ने व्यवस्था मिलाइने छ ।

माननीय सदस्य,

१९. शासन व्यवस्थालाई चुस्त दुरुस्त बनाउन प्रदेशको तथा अमनचयनलाई उच्च शान्ति सुरक्षा प्राथमिकतामा राखिने छ । जनताको जिउधनको सुरक्षाका लागि प्रदेशस्तरीय सुरक्षा निकायसँग सहकार्य गरिने छ। सुरक्षा निकायको भौतिक तथा संस्थागत क्षमतालाई सुदृढीकरण गरिने छ ।

२०. प्रविधिको प्रयोग गरी सवारी चालक अनुमति पत्रको प्रयोगात्मक परीक्षाको नतिजा स्वचालित बनाउन अटोमेटेड ड्राइभिङ टेस्ट ट्रयाक ( ADTT) प्रणाली कार्यान्वयनमा ल्याइनेछ । सवारी चालक अनुमति पत्र प्रदेशबाट छपाई तथा वितरण गर्न संघीय सरकारसँग समन्वय गरिने छ ।

२१. पेट्रोलियम पदार्थबाट चल्ने सवारी साधनलाई विद्युतीय सवारी साधनमा रूपान्तरण गर्न र हरित उर्जा प्रवर्धनको लागि आवश्यक कानुनी व्यवस्था गरिने छ ।

२२. प्रदेशको विपद् जोखिम नक्साङ्कन, पूर्व सूचना प्रणालीका लागि विपद् पोर्टल र डिजिटल विपद् पार्श्वचित्र निर्माण गरी विपद् व्यवस्थापन कार्यलाई अनुमानयोग्य बनाइने छ ।

२३. स्थानीय तहको सहकार्यमा एकीकृत विपद् व्यवस्थापन गर्न आपतकालीन सेवा केन्द्रको पूर्वाधार निर्माण गरिने छ । अर्जुनधारा र रङ्गेली नगरपालिकामा रहेका आपतकालिन सेवा केन्द्र यसै वर्षबाट सञ्चालनमा ल्याइने छ ।

२४. विपद्जन्य घटनामा परेका पीडितको उद्दार, राहत तथा सहायतालाई प्रभावकारी बनाउने प्रणालीको विकास गरिने छ। विपद् तथा महामारीबाट सिर्जित असहज परिस्थितिको तत्काल सम्बोधनका लागि प्रदेश आकस्मिक कोषबाट खर्च गर्ने व्यवस्था मिलाइने छ ।

२५. लागुपदार्थ दुर्व्यसन तथा सामाजिक विकृति न्यूनीकरण तथा रोकथामका लागि सामाजिक उत्तरदायित्व सहितको नैतिकवान् र स्वयंसेवी नागरिक निर्माण गर्न युवा लक्षित "म अघि बढ्छु" अभियान सञ्चालन गरिने छ ।

२६. प्रदेश सञ्चार प्रतिष्ठान मार्फत सञ्चार माध्यम र पत्रकारिता क्षेत्रलाई सबल, सक्षम र जिम्मेवार बनाइने छ ।

२७. प्रभावकारी भू-उपयोग का लागि भूमि ऐन तथा सोसँग सम्बन्धित कानुनी र संस्थागत संरचना तयार गरिने छ । नदी उकास लगायत सरकारी र सार्वजनिक जग्गाको यकिन नाप जाँच तथा अभिलेख अद्यावधिक गरी बहुउपयोगमा ल्याइने छ ।

माननीय सदस्य,

२८. स्रोत सुनिश्चित भई कार्यान्वयनमा रहेका बहुवर्षीय पूर्वाधार आयोजना र पुनर्निर्माण गर्नुपर्ने कार्यालय भवन पूर्व निर्धारित समयभित्र सम्पन्न गर्न कार्य योजना बनाई समयसीमा सहितको अनुगमन कार्य तालिका अनुसार ठेक्का व्यवस्थापन गरिने छ ।

२९. "प्रादेशिक सडक सञ्जाल गुरूयोजना" मा निर्दिष्ट प्रादेशिक लोकमार्ग, प्रादेशिक मार्ग एवम् स्थानीय तहका केन्द्र र व्यापारिक केन्द्र जोड्ने सडकलाई विशेष प्राथमिकता मा राखी विस्तार र स्तरोन्नति गरिने छ ।

३०. सडक तथा पुलको नियमित तथा आकस्मिक मर्मत सम्भारका लागि उपकरण सहितको प्राविधिक जनशक्ति तत्काल परिचालन हुने व्यवस्था मिलाइने छ ।

३१. गुणस्तरीय पूर्वाधार निर्माण गर्न प्रत्येक जिल्लामा न्यूनतम परीक्षण उपकरणको व्यवस्था मिलाइने छ । निर्मित पूर्वाधार संरचनाको गुणस्तर परीक्षण गर्न मनमोहन प्राविधिक विश्वविद्यालयमा रहेको प्रयोगशालाको उपयोग गरिने छ ।

३२. परम्परागत प्रविधि, सिप र स्थानीय संस्कृति झल्कने गरी पूर्वाधार निर्माण गर्ने र सम्भव भएसम्म स्वदेशी सामाग्रीको प्रयोग गर्न प्रोत्साहन गरिने छ ।

३३. जोखिमपूर्ण बस्तीलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने एवम् प्रदेशभित्र बसोबास गर्ने विपन्न तथा आवास विहीन परिवारलाई आवासको व्यवस्था गर्न कोशी जनता आवास कार्यक्रमलाई निरन्तरता दिइने छ ।

३४. पूर्वाधार संरचना निर्माणमा भवन संहिताको परिपालना गरी भूकम्प प्रतिरोधी, अपाङ्गमैत्री, बालमैत्री र वातावरण अनुकुलित उत्थानशील संरचना बनाइने छ ।

३५. दुई वा दुईभन्दा बढी स्थानीय तहको सहकार्यमा फोहोर व्यवस्थापनका लागि रणनीतिक साझेदारी सहितको पूर्वाधार निर्माण गर्न प्राविधिक तथा वित्तीय सहयोग गर्ने व्यवस्था मिलाइने छ ।

३६. झोलुङ्गे पुल निर्माण, साना सडक पुल निर्माण तथा राष्ट्रिय भवन संहिता कार्यान्वयन गर्न स्थानीय तहको प्राविधिक जनशक्तिको क्षमता विकास गरिने छ ।

३७. प्रदेश सरकारद्वारा निर्मित पूर्वाधार संरचनाको पहिचान खुल्ने गरी सौन्दर्यकरण गर्ने, छुट्टै मानक रङ्ग, सङ्केत चिन्ह र सूचना पाटी राख्ने तथा नामाकरण समेत गरी प्रदेशको उपस्थितिलाई समुदायस्तरसम्म पुर्‍याइने छ ।

३८. निजी क्षेत्रसँगको सहकार्यमा जल यातायात सञ्चालन, जल पर्यटन प्रवर्धन तथा ऐतिहासिक, धार्मिक, साँस्कृतिक र पर्यटकीय केन्द्र जोड्ने गरी वैकल्पिक यातायात प्रणालीको विकास तथा सञ्चालन गरिने छ ।

३९. २०८२ भाद्र २३ र २४ गते भएको तोडफोड र आगजनीबाट क्षति भएका प्रदेश सभा, प्रदेश मन्त्रालय एवम् निकायका भवन लगायतका भौतिक संरचनाको पुनर्निर्माण तथा मर्मत सम्भार गरिने छ ।

४०. संघीय सरकारको समन्वयमा तमोर-चिसाङ डाइभर्सन परियोजना कार्यान्वयन एवम् बहुउद्देश्यीय तमोर-लेउती सुरूङमार्ग, केचना-सगरमाथा द्रुतमार्ग र चतरा-चौरीखर्क ( लुक्ला) रेलमार्गको सम्भाव्यता अध्ययन गरिने छ ।

माननीय सदस्य,

४१. समुदायमा आधारित स्वच्छ तथा गुणस्तरीय खानेपानी आपूर्तिको लागि "एक घर एक धारा" कार्यक्रमलाई निरन्तरता दिइने छ । खानेपानी सेवा उपलब्ध नभएका स्थानमा स्थानीय तहसँगको साझेदारीमा लिफ्ट तथा डिप बोरिङमार्फत खानेपानी सेवा पुर्‍याइने छ। गुणस्तरीय खानेपानीको सुनिश्चितताका लागि पानी परीक्षण प्रयोगशाला स्थापना गरिने छ ।

४२. स्थानीय तहमा समावेशी र जलवायु उत्थानशील खानेपानी, सरसफाई तथा स्वच्छता योजना (वास प्लान) लाई निरन्तरता दिइने छ ।

४३. सिँचाइ क्षेत्रमा लिइएका लक्ष्य हासिल गर्न एकीकृत जलस्रोत कार्यक्रम अन्तर्गत प्रदेश मझौला तथा साना सिँचाइ कार्यक्रम सञ्चालन गरिने छ । किसानद्वारा सञ्चालित सिँचाइ सुदृढीकरण गरिने छ ।

४४. सीमान्तकृत तथा न्यून आय भएका किसानलाई लक्षित गरी वैकल्पिक प्रविधिमा आधारित साना सोलार सिँचाइ प्रणाली सञ्चालन गरिने छ ।

४५. सिँचाइ सुविधा नपुगेका कृषि भूमिमा सतह तथा भूमिगत सिँचाइको प्रबन्ध गरिने छ । सुख्खा राहत स्यालो ट्युबवेल कार्यक्रमलाई निरन्तरता दिइने छ । सुख्खाग्रस्त क्षेत्रमा वर्षातको पानी संकलन, जलाशय सहितको मुहान सुधार, पुनर्भरण पोखरी निर्माण र संरक्षणको कार्यलाई निरन्तरता दिइने छ ।

४६. चुरे तथा अन्य संवेदनशील क्षेत्रमा एकीकृत जलाधार व्यवस्थापनमार्फत जलवायु उत्थानशील कार्यक्रम कार्यान्वयन गरिने छ । नदीबाट हुनसक्ने जनधनको क्षति न्यूनीकरण गर्न एकीकृत जलाधार व्यवस्थापनको अवधारणा अनुरूप नदी नियन्त्रण गरिने छ ।

४७. प्रदेशभित्रका राजमार्ग सँग जोडिएका सहरमा स्थानीय तहसँगको सहलगानीमा सोलार सडकबत्ति जडान गरी उज्यालो सहर कार्यक्रमको थालनी गरिने छ । स्थानीय तहसँगको सहकार्यमा विद्युत खपत बढी हुने सामुदायिक विद्यालय लक्षित "सामुदायिक विद्यालय रूफटप सोलार कार्यक्रम" सञ्चालन गरिने छ। सरकारी, निजी तथा वित्तीय क्षेत्रको सहकार्यमा रूफटप सोलार कार्यक्रम तथा युटिलिटी स्केल सोलार पिभी प्लान्ट (एक मेगावाट वा सोभन्दा माथि) को प्रवर्धन गरिने छ ।

४८. स्थानीय तहसँगको साझेदारीमा कोशी प्रदेशका प्रमुख घाट (चतरा, मुक्तिघाट-इटहरी, सिंघिया घाट-विराटनगर र काँकरभिट्टा) मा उपयुक्त प्रविधिसहितको शवदाह गृह निर्माण गरिने छ ।

४९. लिफ्टिङ खानेपानी तथा सिँचाइ आयोजनामा सौर्य प्रणाली जडान सहितको हाइब्रिड प्रणालीमार्फत सुदृढीकरण गरिने छ ।

५०. विद्युतमा सबै नागरिकको पहुँच पुर्‍याउन दुर्गम तथा संरक्षित क्षेत्रमा साना जलविद्युत निर्माण र प्रशारण लाईन विस्तार गर्न संघीय र स्थानीय सरकारसँग सहकार्य गरिने छ ।

५१. सार्वजनिक, निजी र सरोकारवालाको लगानी साझेदारीमा पच्चीस मेगावाट सम्मका साना तथा मझौला जलविद्युत र सौर्य विद्युत परियोजना सञ्चालन गर्न नीतिगत तथा कानुनी व्यवस्था मिलाइने छ ।

माननीय सदस्य,

५२. स्वदेशी काठको उत्पादन, उपभोग, बजारीकरण, वन उद्यम प्रवर्धन गरी रोजगारी अभिवृद्धि गरिने छ । प्रदेशभित्रका पूर्वाधार निर्माणमा स्वदेशी काठको प्रयोगलाई प्राथमिकता दिइने छ ।

५३. उच्च महत्वका जडीबुटी तथा गैह्रकाष्ठ वन पैदावारको उत्पादन प्रशोधन, बजारीकरण तथा निर्यात प्रवर्धनमा जोड दिइने छ । चुत्रो, ऐंसेलु र लालीगुराँस लगायतका वनजन्य फलफुल वा वन पैदावारको संकलन गरी सञ्चालन हुने प्रशोधन उद्योगलाई फलफूल वा जडीबुटी उपयोग सम्बन्धमा नीतिगत र कानुनी व्यवस्था मिलाइने छ ।

५४. मानव वन्यजन्तु द्वन्द न्यूनीकरणका लागि रणनीतिक योजना तयार गरी कार्यान्वयन गरिने छ। हाब्रे (रेडपाण्डा) को संरक्षण एवम् प्रजनन केन्द्र विकास गरिने छ । वन्यजन्तु उद्दार केन्द्र, रामधुनी खुला चिडियाखाना र जैविक विविधता पार्कको स्थापनामार्फत वन्यजन्तुमा आधारित पर्यापर्यटन प्रवर्धन गरिने छ ।

५५. खाली, पर्ती तथा बाँझो जमिन, नदी उकास क्षेत्र, सडक किनारा तथा निजी जग्गामा स्थानीय तह र सरोकारवालाको सहभागितामा बाँस, तेजपत्ता, अल्लो, रबर, लाहा, अगरउड, अम्रिसो लगायतका विरूवाको सघन वृक्षारोपण गरिने छ । वन्यजन्तु वासस्थान सुधारको लागि वन वन्यजन्तुमैत्री

वांकी ४ पेजमा...

# हर्षोउल्लासका साथ बकर इद सम्पन्न



विराटनगर । नेपाल सरकारले बकर इदको सार्वजनिक विदा दिएपछि मुस्लिम समुदायले हर्षोउल्लासका साथ बकर इद सम्पन्न गरेका छन् । इदुल फित्र अर्थात् रमजान पर्वको ७० औं दिनमा मनाउने धार्मिक विधी रहको छ ।

मुस्लिम र्धम मान्ने मुस्लिम समुदायका मानिसहरुले विहानै पानीको मुहान नदी, ताल, कुण्ड, ट्यवेल, धारा लगायतमा स्नान गरी चोखो भई नजिकैको मस्जिद वा इदगाहामा सामुहिक भेला भई नमाज पढ्ने प्रचलन रहको छ । मुस्लिम र्धम मान्ने मुस्लिम समुदायका मानिसहरुले विहानै पानीको मुहान नदी, ताल, कुण्ड, ट्यवेल, धारा लगायतमा स्नान गरी चोखो भई नजिकैको मस्जिद वा इदगाहामा सामुहिक भेला भई नमाज पढ्ने प्रचलन रहेको छ ।नमाज पढिसकेपछि एकापस मा शुभकामना आदानप्रदान गर्ने समेत प्रचलन रहेको छ ।

बकर इदको अवसरमा विराट नगरको मुख्य बजार गुद्रीमा रहेको महस्जितमा भीड लाग्नुका साथै आसपास लगायत देश भरमा रहेको मस्जिद र इजगाहामा भिड लाग्छ । हिजरी संवत अनुसार १४३९ वर्ष पहिले अल्लाहको आदेशमा इब्राहिमले आफ्ना छोरा इस्माएल अलेह सलामलाई बलिदान गर्न तयार भएको सम्झनामा यो पर्व मनाउन थालिएको मुस्लिम मुस्लिम समुदायका मोलानाहरु वताउँछन् ।

मुस्लिम धर्म गुरु (मौलाना) रहमत अलीले ऐतिहासिक बकर इद पर्वको आधार बनेका इब्राहिमको वंशमा सन् ५७१ मा मक्कामा मोहम्मद सलल्ला जन्मिई निरन्तरता दिइएको जसले यो पर्व एवं धर्मलाई पुस्तान्तर गर्न महत्त्वपूर्ण योगदान गर्दै हदिस नामक धर्मग्रन्थको रचना गरेको उनले उल्लेख छ ।

"जुन ग्रन्थलाई हाल मुस्लिम धार्मिक विद्यालय ९मदरसा० मा समेत अध्ययन अध्यापन गराइन्छ, मक्कामा जन्मिनुभएका सलल्ला ५३ वर्षको उमेरपछि मदिनामा सरेको इतिहास छ । त्यही सम्झनामा हाल पनि साउदी अरबमा पर्ने यी दुवै तीर्थस्थलमा ठूलो मेला लाग्ने गरेको छ", मौलाना अलीले भने ।

पर्वका अवसरमा मक्का मदिना जानु शुभ मानिएअनुसार त्यहाँ जान गृह मन्त्रालयले आतेजाते विमान टिकटको व्यवस्था गरी हजयात्रा गराउने गरेको छ । मक्कामदिना जान नपाउने हजयात्रीले समेत घरघरमै बकर इद मनाउँछन् । यो पर्वको मुख्य उद्देश्य नै हजयात्रा हो । यस पर्वमा अल्लाहलाई खुसी पार्न मुस्लिम धमालेले जायज मानेका जनावरलाई कुर्वानी (बलि) दिन्छन् ।

धार्मिक मान्यताअनुसार अल्लाहका नवी ९दूत० इब्राहिम अलि सलामले ९० वर्षको उमेरमा पत्नी हाजराबाट प्राप्त गरेको सन्तान छोरा इस्माइल लाई कुर्बानी गर्नुपर्ने आदेश प्राप्त भयो । जसलाई पालना गर्दा अल्लाह प्रशन्न भएर इस्माइलको कुर्बानी नभएर स्वर्ग ९जनन्त० मा पालिएका दुम्बाको कुर्बानी भएको धार्मिक मान्यता छ । यसैकारण कुर्बानी गर्ने प्रचलनलाई कायम राखेको मुस्लिम धर्मावलम्बीको भनाइ छ ।

नि:सन्तान इब्राहिमले सन्तान प्राप्तिका लागि अल्लाहसँग मनन्नत मागेका बताइन्छ । अल्लाहले सन्तान सुख दिए कुर्बानी गर्छु भन्ने इब्राहिमको प्रतिबद्धताअनुरुप अल्लाहले निजको परीक्षणस्वरुप सपनामा कुर्बानी गर्नुपर्छ भनेका मुस्लिम धर्मावलम्बीको विश्वास छ ।

उनले धेरै जनावर कुर्बानी गर्दा पनि अल्लाह खुसी नभएपछि अन्तिममा आफ्ना सबैभन्दा प्यारा सन्तानलाई नै कुर्बानी गरी अल्लाहलाई राजी गर्न चाहेका किंवदन्ती छ । यस घडीमा उनको परीक्षण सफल सावित भएपछि कुर्बानी गर्ने स्थानमा मानिसको होइन त्यही जन्नतमा पालिएर आएका दुम्बाको कुर्बान (बलि) भएको बताइन्छ ।

परम्पराअनुसार कुर्बानीको मासु तीन भागमा बाँडी वितरण गरिन्छ । एक भाग गरिब एवं विपन्न परिवारलाई, अर्को एक भाग आफ्ना इष्टमित्रलाई र तेस्रो भाग आफैँले खानुपर्ने मुस्लिम धार्मिक मान्यता छ । यसैअनुसार आज पहिलो दिनको बकर इद मनाइँदै छ ।

मुस्लिम धर्मावलम्बीले शनिबारसम्म तीन दिन यो पर्व मनाउने जनाइएको छ । तीनै दिन कुर्बानी गर्नुपर्ने मुस्लिम धर्मावलम्बीको विधि रहेको नेपाली जामे मस्जिदले जनाएको छ । यस अवसरमा सरकारले आज सार्वजनिक बिदासमेत दिएको छ ।

## कोशी प्रदेश...

फलफूलको प्राथमिकता दिइने छ। क्षेत्रभित्र विरूवारोपणलाई वन पैदावार तथा वन्यजन्तुको चोरी निकासी, चरिचरन, वन अतिक्रमण तथा वन डढेलो नियन्त्रण कार्यलाई निरन्तरता दिइने छ।

५७. प्रदेश भित्रको राष्ट्रिय वन, सामुदायिक वन तथा सिमसार क्षेत्रमा पर्यापर्यटन, हरित उद्यान स्थापना तथा सञ्चालन गरी स्थानीय रोजगारी तथा प्रदेशको आयमा वृद्धि गरिने छ। वन पैदावारमा आधारित उद्योग स्थापना तथा सञ्चालन प्रक्रियालाई थप सरलीकृत गरिने छ।

५८. प्राज्ञिक निकायको संलग्नतामा वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता तथा वन्यजन्तुका आवातजावत मार्गको सम्बन्धमा अध्ययन अनुसन्धानबाट प्राप्त नतिजालाई कार्यान्वयनमा लगिने छ।

५९. पर्यटनलाई आर्थिक विकासको मेरूदण्डको रूपमा स्थापित गर्न कोशी प्रदेश एकीकृत पर्यटन विकास गुरूयोजना तर्जुमा गरिने छ। विक्रम सम्वत् २०८३ साल श्रावणदेखि २०८५ साल असारसम्मलाई "कोशी प्रदेश भ्रमण वर्ष" मनाउन आन्तरिक, अन्तरप्रदेश तथा विदेशी पर्यटक लक्षित गतिविधि अभिवृद्धि गरिने छ।

६०. गैर आवासीय नेपालीलाई आफ्नो मातृभूमि तथा विदेशमा रहेका नेपाली मूलका समुदायलाई आफ्नो पितृभूमि नेपालको प्राकृतिक सौन्दर्य, मौलिक संस्कृति र भूगोलसँग परिचित गराई अपनत्व बढाउन "नेपाली मन, आत्मिय पन" अभियानलाई प्रोत्साहन गरिने छ।

६१. कोशी प्रदेशका सम्भाव्य "हिलस्टेशन" को पहिचान र विकास गरिने छ। निजी क्षेत्रको साझेदारीमा प्रकृतिमैत्री "आरोग्य रिट्रिट", "साधना ग्राम", "वेलनेस हब" तथा हिमाली क्षेत्रमा ध्यान केन्द्र निर्माणलाई प्रोत्साहन गरिने छ।

६२. प्रदेशभित्रका प्रमुख पर्यटन गन्तव्य, निर्माणाधीन पदमार्ग एवम् होमस्टेमा स्थानीय उत्पादनको उपभोग वृद्धि गरी आयआर्जन तथा रोजगारी सिर्जना हुने व्यवस्था मिलाइने छ।

६३. साहसिक पर्यटनलाई दिगो र सुरक्षित बनाउन अन्तर्राष्ट्रिय स्तरको सिप परीक्षण र प्रमाणीकरणको व्यवस्था गरिने छ। छ हजार मिटरभन्दा कम उचाईका हिमाल आरोहणको अनुमति र व्यवस्थापनको कार्य प्रदेश सरकार मातहत ल्याउन समन्वय गरिने छ।

६४. पर्यटकीय केन्द्रका रूपमा रहेका अर्जुनधारा, दुधकुण्ड, किच्चकवध, लारुम्वा, विराट दरबार क्षेत्र लगायत ऐतिहासिक, धार्मिक तथा साँस्कृतिक क्षेत्र तथा बर्जुताल, ध्वोजे डाँडा, मुन्धुम ट्रेललगायतका पदमार्ग, पताले, चिवा भञ्ज्याङ, तिम्बुङ पोखरी, बोराबाँध, कन्याम, श्रीअन्तु र सन्दकपुर लगायतका प्राकृतिक सम्पदाको संरक्षणलाई निरन्तरता दिइने छ।

६५. 'धार्मिक परिपथ' विकास गर्न चारधाम सर्किट (बराहक्षेत्र-पिण्डेश्वरी-दन्तकाली-विष्णुपादुका-रामधुनी), शिव सर्किट (जोगिदह-रौतमाई-बराहपोखरी-हलेसी महादेव), महाभारत सर्किटजस्ता धार्मिक, साँस्कृतिक र पर्यटकीय क्षेत्रको सम्भाव्यता अध्ययन गरिने छ। प्राचीन हरिद्वारको रूपमा परिचित चतरा-बराहक्षेत्रको विकास तथा विस्तार गरी व्यवस्थित कुम्भक्षेत्र निर्माण गरिने छ।

६६. विराटनगर विमानस्थल लाई क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको रूपमा विकास गर्न संघीय सरकारसँग समन्वय गरिने छ। कोशी प्रदेशबाट गण्डकी प्रदेशको पोखरा र लुम्बिनी प्रदेशको भैरहवाबीच अन्तरप्रदेश हवाई उडान सुचारू गर्न संघीय सरकार र निजी क्षेत्रसँग समन्वय गरिने छ। कोशी प्रदेशभित्रको आन्तरिक उडान तथा पर्वतीय उडान सञ्चालनका लागि प्रोत्साहन गरिने छ।

माननीय सदस्य

६७. स्रोतको दिगो व्यवस्थापन गर्न आन्तरिक राजश्वको दायरा विस्तार गरिने छ। राजश्व चुहावट नियन्त्रणका लागि प्रशासनीक सुधार र प्रविधिको प्रयोग गरिने छ।

६८. सार्वजनिक खर्चको मापदण्ड निर्धारण गरी चालु खर्चलाई मितव्ययी र पारदर्शी बनाइने छ। पूँजीगत खर्चलाई उपलब्धिमूलक बनाउन बजेट तर्जुमा तथा वार्षिक योजना प्रस्ताव तथा छनौटसम्बन्धी कानुनी व्यवस्थामा सुधार गरी वित्तीय सुशासन कायम गरिने छ।

६९. मध्यमकालिन खर्च संरचनाको सुदृढीकरण गरी वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्न विद्युतीय प्रणाली प्रयोगमा ल्याइने छ।

७०. आयको प्रवृत्ति र वहुवर्षीय एवम् प्रतिबद्ध दायित्वको विश्लेषणका आधारमा मात्र वहुवर्षीय स्रोत सहमति प्रदान गरिने छ। स-साना आयोजनामा बजेट विनियोजन गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्दै वहुवर्षीय तथा रूपान्तरणकारी आयोजनालाई प्राथमिकता दिइने छ।

७१. बहुवर्षीय, क्रमागत तथा वार्षिक आयोजनाको कार्यान्वयन, अनुगमन तथा मूल्यांकनलाई जोड दिइने छ। रूग्ण तथा सम्पन्न हुन बाँकी रहेका आयोजनालाई प्राथमिकताका आधारमा स्रोत व्यवस्थापन गरिने छ। सञ्चालनमा रहेका आयोजना तथा कार्यक्रमको उपलब्धि समीक्षा गरी निरन्तरता दिने वा हटाउने सम्बन्धमा मापदण्ड तयार गरिने छ।

७२. वन क्षेत्र, खोला तथा नदी किनारबाट उत्खनन हुने ढुङ्गा, गिट्टी, बालुवा तथा दहत्तर बहत्तरको उत्खनन्, सङ्कलन, प्रशोधन, भण्डारण र विक्री वितरणलाई नियमन र व्यवस्थापन गर्न कानुनी व्यवस्था मिलाइने छ।

७३. घरेलु, साना तथा मझौला उद्यम व्यवसायको प्रवर्धनका लागि उद्यमशीलता विकास, बजार विस्तार, नवप्रवर्तन योजना र बैंकिङ कर्जामा आधारित कार्यक्रमलाई प्रभावकारी बनाइने छ।

७४. प्रदेशको आर्थिक, सामाजिक तथा पूर्वाधार विकास र सुशासन प्रवर्धनका लागि विकास साझेदारसँग सहकार्य एवम् साझेदारी गरिने छ।

७५. आन्तरिक नियन्त्रण प्रणाली तथा आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउँदै बेरूजु नहुने गरी कार्यसम्पादन गर्ने कार्य संस्कृतिको विकास गरिने छ।

७६. प्रदेशको सार्वजनिक वित्तीय व्यवस्थापनको स्थिति यकिन गर्न सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व लेखाजोखा गरिने छ। लैङ्गिक उत्तरदायी बजेट तर्जुमा गरी कार्यन्वयन गरिने छ।

माननीय सदस्य

७७. शिक्षा क्षेत्रमा कार्यरत साझेदार संस्था तथा स्थानीय तहको सहकार्यमा हिमाली र पहाडी जिल्लाका सामुदायिक विद्यालयको भवन, छात्रवास, शौचालय, कम्प्युटर तथा विज्ञान प्रयोगशाला लगायतका पूर्वाधार निर्माण एवम् सिप तथा रोजगार सहितको शैक्षिक सुधारका कार्यक्रम सञ्चालन गरिने छ।

७८. विद्यार्थीको शिक्षण सिकाईमा सुधार ल्याउन प्रविधिमैत्री, बालमैत्री तथा वातावरणमैत्री कार्यक्रमलाई निरन्तरता दिइने छ। संघ, प्रदेश तथा स्थानीय तहको साझेदारीमा अनिवार्य तथा निःशुल्क आधारभुत शिक्षा सुनिश्चित गरिने छ।

७९. प्राविधिक धारका विद्यालय सञ्चालन गर्न प्राथमिकताका आधारमा विशेष कार्यक्रम एवम् अनुदान उपलब्ध गराइनेछ। प्राविधिक शिक्षामा विद्यार्थी तथा युवाको आकर्षण गर्न एवम् शिक्षालाई सिपमूलक र रोजगारमुलक बनाउन प्रयोगात्मक अभ्यासमा आधारित "पढ्दै कमाउँदै कार्यक्रम" लाई निरन्तरता दिइने छ। शिक्षा तथा सिपमुलक तालिमको माध्यमबाट सूचना प्रविधिको क्षेत्रमा दक्ष जनशक्ति उत्पादन गरिने छ।

८०. सामुदायिक विद्यालय का शिक्षकको क्षमता विकास गरी गुणस्तरीय शिक्षा सुनिश्चित गर्न शिक्षा तालिम केन्द्रको संस्थागत सुधार गरिने छ। उच्च शिक्षाको गुणस्तर अभिवृद्धि, आधुनिक प्रविधिमा आधारित शिक्षण-सिकाई क्रियाकलाप विकास गर्न डिजिटल पूर्वाधार विस्तार गरिने छ।

८१. श्रम बजारको आवश्यकता र माग बमोजिम दक्ष एवम् सिपयुक्त जनशक्ति तयार गर्न तथा असल श्रम संस्कृतिको विकासमार्फत स्वदेशमै रोजगारी सिर्जना गर्न युवालाई औद्योगिक प्रशिक्षार्थी तालिम, कार्यस्थल तालिम लगायतका सिप तथा रोजगार मूलक तालिम सञ्चालन गरिने छ।

८२. वैदेशिक रोजगारमा जान चाहाने युवालाई लक्षित गरी सिपमूलक तालिम कार्यक्रम सञ्चालन गरिने छ। वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिको पूँजी, ज्ञान, सिप र क्षमताको उपयोग गर्ने व्यवस्था मिलाइने छ।

८३. किशोरीको सर्वाङ्गीण विकासका लागि "किशोरी सशक्तीकरण तथा आत्मरक्षा" अभियानलाई स्थानीय तहमा विस्तार गरिने छ। साक्षरता दर न्यून भएका सीमान्तकृत समुदायका छोरीको शिक्षामा पहुँच बढाउँदै आर्थिक, सामाजिक र शैक्षिक विकासका लागि "सक्षम छोरी" कार्यक्रमलाई निरन्तरता दिइने छ।

८५. अपाङ्गता भएका व्यक्तिको अधिकार र सम्मानका लागि "अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम" एवम् बहिरा तथा स्वर-बोलाईसम्बन्धी अपाङ्गता भएका व्यक्तिको लागि साङ्केतिक भाषा र प्रविधिको विस्तार गरिने छ।

८६. बौद्धिक अपाङ्गता एवम् अटिजम भएका बालबालिकाका लागि सरोकारवाला निकाय सँगको सहकार्यमा आवश्यक सेवासहितको स्रोत कक्षा विस्तार गरिने छ।

८७. लैङ्गिक हिंसा र मानव बेचबिखनविरूद्ध "शून्य सहन शीलता" को नीति अवलम्बन गर्दै पीडितको उद्धार र पुनर्स्थापनाको व्यवस्था मिलाइने छ। सडक बालबालिका र सहयोगापेक्षी सडक मानवमुक्त प्रदेशको अभियानलाई निरन्तरता दिइने छ।

८८. मनमोहन प्राविधिक विश्वविद्यालयको भौतिक तथा शैक्षिक गुणस्तर सुधार गरी वैज्ञानिक अध्ययन, अनुसन्धान तथा आविस्कार केन्द्रका रूपमा विकास गरिने छ। देशभित्र रहेका विश्वविद्यालय एवम् प्राज्ञिक संस्थासँगको सहकार्यमा अध्ययन र अनुसन्धान कार्य अघि बढाइने छ। धनकुटामा चिकित्साशास्त्र विधाको शैक्षिक कार्यक्रम सञ्चालन प्रक्रिया अगाडि बढाइने छ।

८९. प्रदेशस्तरीय खेलकुद प्रतियोगिता, राष्ट्रपति रनिङ शिल्ड र राष्ट्रियस्तरका खेलकुद प्रतियोगितालाई प्राथमिकतामा राखिनेछ। राष्ट्रियस्तरका खेलकुद प्रतियोगिता सञ्चालन गर्न सकिने प्रादेशिक खेल पूर्वाधार विकास गरिने छ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक प्राप्त गर्ने प्रदेशका खेलाडीलाई प्रोत्साहन गरिने छ।

९०. खेलकुद क्षेत्रको विकासका लागि खेलकुद एकेडेमी स्थापना एवम् खेल मैदान लगायतका पूर्वाधार विकासमा सहकार्य गरिने छ। विराटनगर महानगरपालिका, बैजनाथपुरमा प्रदेश खेलकुद ग्रामको विकास गरिने छ। सो स्थानमा गिरिजाप्रसाद कोइराला क्रिकेट रङ्गशालालाई अन्तर्राष्ट्रिय स्तरको क्रिकेट रङ्गशालाको रूपमा निर्माण गर्न समन्वय गरिने छ। पुस्तकालय, संग्रहालय, नाट्यशालाको सुदृढीकरण, संरक्षण र संवर्धन कार्यलाई निरन्तरता दिइने छ।

९३. बृहत्तर बराहक्षेत्र, पाथीभरा, हलेसी महादेवस्थान, बृहत् विराट विकास क्षेत्र लगायतका धार्मिक, साँस्कृतिक, पुरातात्विक र ऐतिहासिक स्थलको विकास, संरक्षण एवम् संवर्धन गरी धार्मिक पर्यटकीय क्षेत्रका रूपमा विकास गरिने छ।

९४. भाषा, लिपी, साहित्य,

वांकी ५ पेजमा...

# महाअभियान शुभारम्भ

विराटनगर । जिल्ला प्रहरी कार्यालय मोरङले लागू औषध विरुद्दको महाअभियान २०८३ कार्यक्रमको शुभारम्भ गरेको छ।

जेठ १० गते बिहान लागू औषध विरुद्दको महाअभियानमा लागूऔषध दुर्व्यसन मुक्त समाज निर्माण गर्ने साझा उद्धेश्यका साथ लागूऔषध विरुद्दको सचेतना मुलक प्ले कार्ड सहित विराटनगरको महेन्द्र चोकबाट नेपाल प्रहरी, सशस्त्र प्रहरी वल, विभिन्न सरकारी कार्यालय, बिभिन्न संघ संस्था, संचारकर्मी, स्काउट, विद्यार्थी, युवा बर्ग सहितको प्रभातफेरी कार्यक्रमको प्रतिनिधि सभाका माननीय सांसद आशा झाले रिवन काटी शुभारम्भ गरेकी थिइन ।

प्रभातफेरी जलजला चोक, गोल्छामोड हुँदै रंगशालामा पुगी पहिलो चरणको कार्यक्रम सम्पन्न भएको थियो । उक्त कार्यक्रम दोश्रो चरणमा विराटनगर महानगर पालिका-४ स्थित होटल मनास्लु इनमा कोशी प्रदेशका माननीय मुख्यमन्त्री हिक्मत कुमार कार्कीले पानसमा दिप प्रज्वलन गरेर बिधिवतरुपमा लागूऔषध विरुद्दको महाअभियान कार्यक्रमको शुभारम्भ भएको थियो ।

कार्यक्रममा अन्धकारबाट उज्यालोतर्फ शीर्षकमा नाटक सहित लागू औषध विरुद्द सचेतनामुलक सांगितिक प्रस्तुतिहरु का साथै पूर्व लागू औषध प्रयोगकर्ता कपिलदेव आचार्यको अनुभव सहितको बृतचित्र प्रस्तुत गरी लागूऔषध बिरुद्ध सवैले आ-आफ्नो क्षेत्रबाट सक्रिय सहभागिता जनाई लागू औषध मुक्त समाज निर्माण गर्न आह्वान गरिएको थियो ।

कार्यक्रमलाई सम्बोधनको क्रममा प्रमुख अतिथि माननीय मुख्यमन्त्री हिक्मत कुमार कार्कीले लागू औषध दुर्व्यसन समाजका लागि गम्भिर समस्या बन्दै गएको उल्लेख गर्दै यसको नियन्त्रणका लागि सरकार, सुरक्षा निकाय, स्थानीय तह, अभिभावक तथा युवाहरुको सामुहिक प्रयास आवश्यक रहेको वताए । उहाँले जिल्ला प्रहरी कार्यालय मोरङद्वारा सञ्चालित लागूऔषध विरुद्धको महाअभियानले समाजमा सकारात्मक सन्देश तथा चेतना फैल्याई युवापुस्तालाई कुलतबाट जोगाउन महत्वपूर्ण भुमिका निर्वाह गर्ने विश्वास व्यक्त गर्दै यस्तो अभियानमा प्रदेश सरकारको निरन्तर साथ, सहयोग र प्रतिबद्धता रहने विश्वास व्यक्त गरेका थिए ।

कार्यक्रमलाई सम्बोधनको क्रममा नेपाल प्रहरी संगठन प्रमुख प्रहरी महानिरीक्षक दान बहादुर कार्कीले सुरक्षित समाज र उज्ज्वल भविष्यको निम्ति जिल्ला प्रहरी कार्यालय मोरङले जिल्लालाई लागू औषधमुक्त जिल्ला बनाउन सवैको सहकार्यका साथ पुर्वको विराटनगरबाट सुरुवात गरेको महाअभियान लागूऔषध विरुद्ध सक्रिय हुँदै देशव्यापीरुपमा अघि बढ्न सफल हुने बताउनु भयो । वहाँले समाजलाई अन्धकार तर्फ धकेल्दै आएको लागू औषधको जालोलाई तोड्न शुभारम्भ गरीएको अभियानले नेपाली समाजका उर्जावान युवाहरुलाई सक्रियताका साथ अभियानमा लागी परेको देख्न पाईने अपेक्षा राख्नु भयो । क्षणिक रमाईलोकोलागी लागू औषधको कुलतमा फसेका युवाहरुलाई यस्ता प्रकारका अभियानहरुको शुरुवातले अनिवार्य उत्प्रेरणा मिल्ने बताउनु भयो । उहाँले लागू औषध नियन्त्रण केवल प्रहरीको मात्रै दायित्व नभई परिवार, विद्यालय, स्थानीय तह, सञ्चारमाध्यम तथा सम्पूर्ण समुदायको साझा जिम्मेवारी भएको बताउँदै सबै पक्षको सहकार्यबाट मात्रै स्वस्थ, सुरक्षित र समुन्नत समाज निर्माण सम्भव हुने बताउनु भयो ।

कार्यक्रममा कोशी प्रदेश सरकारका माननिय आन्तरिक मामिला तथा कानून मन्त्री इन्द्र मणि पराजुली, प्रतिनिधी सभाका माननिय सांसद शन्तोष राजबंशी, विराटनगर महानगरपालिकाका प्रमुख नागेश कोईराला, नेपाल सरकार गृह मन्त्रालय निति, योजना अनुगमन तथा मुल्याङकन महाशाखाका सह सचिब एंव लागू औषध नियन्त्रक सुमन घिमिरे, मोरङ जिल्लाका प्रमुख जिल्ला अधिकारी युवराज कटेल, नेपाल पत्रकार महासंघ कोशी प्रदेशका सल्लाहकार लीलावल्भ घिमिरे,एबिसी नेपाल कोशी प्रदेश प्रमुख विष्णु शर्मा लगायतले लागूऔषध बिरुद्धको ऐक्यवद्दता सहितको मन्तब्य राख्नु भएको थियो ।

कार्यक्रममा कोशी प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक विनोद घिमिरेले लागूऔषध बिरुद्ध सवैले ऐक्यवद्दताका साथ अगाडि बढ्नु पर्ने बताउदै प्रमुख अतिथि लगायत उपस्थित सबैमा धन्यवाद ज्ञापन सहितको मन्तव्य राख्नु भएको थियो । जिल्ला प्रहरी कार्यालय मोरङका प्रमुख प्रहरी उपरिक्षक कबित कटवालले महाअभियानको औचित्य, उदेश्य तथा मोरङ जिल्लामा लागू औषध दुर्ब्यसनको वर्तमान अवस्था र चुनौतीबारेमा प्रस्तुतीकरण गर्नु भएको थियो ।

कोशी अस्पतालकी डाक्टर अजिता पौडेलले लागू औषध दुर्ब्यसनका कारण मानव स्वास्थ्यमा पर्ने असरको बारेमा सचेतना प्रदान गर्नु भएको थियो । कार्यक्रमको अन्त्यमा प्रमुख अतिथि, विशिष्ट अतिथि, बिशेष अतिथि लगायत अन्य महानुभावहरुले लागू औषध नियन्त्रणकालागी तयार गरीएको ९ बुँदे प्रतिबद्दता पत्रमा हस्ताक्षर गर्दै अभियानमा ऐक्यबद्धता जनाउनु भएको थियो ।

कार्यक्रममा जिल्ला समन्वय समिति मोरङका प्रमुख अजम्वर राई, कोशी प्रदेश सरकारका प्रमुख सचिव राजेन्द्र प्रसाद पौडेल, मोरङ जिल्ला स्थित नगरपालिकाका प्रमुखहरु, गाउँपालिकाका प्रमुखहरु, पूर्वी पृतना हेड क्वाटर इटहरीका उपरथी, उच्च अदालत विराट नगरका माननीय न्यायाधिसहरु, प्रदेश स्तरिय सुरक्षा निकायका प्रमुखहरु, विभिन्न राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिहरु, उद्योग वाणिज्य संघहरुका प्रमुख तथा प्रतिनिधी हरु, बैङ्क, वित्तिय संस्था, बिमा कम्पनीका प्रमुख तथा प्रतिनिधिहरु, सरकारी कार्यालय, संघ संस्था, सञ्चारकर्मी, शिक्षक, विद्यार्थी, खेलाडी, नागरीक समाज, बुद्दिजिवी, लगायत प्रहरी अधिकृत तथा प्रहरी कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

## कोशी प्रदेश...

कला, ललितकला र सङ्गीत क्षेत्रका श्रष्टाको सम्मान तथा विभिन्न समुदायको मौलिक एवम् रैथाने ज्ञान, सिप, प्रविधि, संस्कृति, उत्पादन र परम्पराको अध्ययन, अनुसन्धान, संरक्षण, संवर्धन र प्रवर्धन गरिने छ।

९५. परम्परागत रूपमा रहेका धर्म, संस्कृति, जात्रा पर्व, मेलाको संरक्षण, संवर्धन र प्रवर्धन गरिने छ। आदिवासी जनजाति लगायत समुदायको साँस्कृतिक आस्थाका भूमिको अभिलेखीकरण, संरक्षण र संवर्धन गरिने छ।

९६. भाषा आयोगबाट सिफारिस भएका मैथिली र लिम्बू भाषाका साथै सिफारिस भई आएका प्रदेश भित्रका भाषालाई सरकारी कामकाजको भाषा बनाउन आवश्यक व्यवस्था मिलाइने छ।

९७. कोशी प्रदेश सम्बद्ध राष्ट्रिय विभूति, राष्ट्राध्यक्ष तथा प्रधानमन्त्री हुनु भएका व्यक्तित्वको सम्मानस्वरूप परिवारसँगको सहकार्यमा जन्मस्थल वा निवासलाई संग्राहलयको रूपमा विकास गरिने छ। राष्ट्रिय विभूति महागुरू फाल्गुनन्द र किराँत धर्मगुरू आत्मनन्द लिङ्देनको जन्म तथा तपस्यास्थलको संरक्षण तथा संवर्धन गरिने छ।

९८. चलचित्र निर्माण, चलचित्र छायाङ्कन स्थल, फिल्म स्टुडियो, सिनेमा हल सञ्चालन, प्रदर्शन अनुमति र नियमनसम्बन्धी कानुनी व्यवस्था गरिने छ। कोशी प्रदेशमा छायाङ्कन र निर्माण हुने चलचित्रलाई प्रोत्साहन गरिने छ।

माननीय सदस्य

९९. प्रदेश सरकार मातहतका अस्पताललाई न्यूनतम पचास शैय्यामा स्तरोन्नती गरी विशेषज्ञ सेवा विस्तार गरिने छ। प्रदेशका रणनीतिक स्थानमा रहेका अस्पताललाई नमूना अस्पतालको रूपमा विकास गरिने छ। शैलजा आचार्य कोशी प्रादेशिक अस्पताल तथा हृदय केन्द्रको लागि जग्गा प्राप्ति तथा पूर्वाधार विकास गरी आकस्मिक, हेमोडायलासिस र प्रसूति सेवा विस्तार गरिने छ।

१००. अस्थानीय तहका आधारभुत अस्पतालबाट गुणस्तरीय स्वास्थ्य सेवा सुनिश्चित गर्न प्राविधीक सहयोग एवम् विज्ञ सहितको टोलीबाट सेवा सहजीकरण गरिनेछ। विशेषज्ञ सेवाको पहुँचलाई प्रोत्साहन प्रणालीमा आवद्ध गरिने छ।

१०१. प्रादेशिक स्वास्थ्य आपतकालीन कार्य सञ्चालन केन्द्रको संस्थागत क्षमता विकास गरी स्वास्थ्य आपतकालीन एवम् महामारी व्यवस्थापन, अस्पताल पूर्व सेवा र एम्बुलेन्स सेवालाई सुदृढ बनाउँदै प्रादेशिक प्रेषण केन्द्रलाई विस्तार गरिने छ।

१०२. "मेरो स्वास्थ्य मेरो जिम्मेवारी" अभियानलाई निरन्तरता दिँदै नसर्ने रोगको रोकथामका लागि सचेतना, स्क्रिनिङ, जोखिम मूल्याङ्कन, उपचार र निगरानी पद्धतिलाई समुदायस्तरसम्म विस्तार गरिने छ। विद्यालयदेखि समुदायसम्म जनस्वास्थ्य सेवा प्रवर्धनका लागि विद्यालय नर्सिङ्ग सेवा कार्यक्रमलाई निरन्तरता दिइने छ।

१०३. मानसिक रोग, लागुपदार्थ दुर्व्यसनी तथा आत्महत्या रोकथाम एवम् उपचारका लागि निजी तथा सरकारी स्वास्थ्य संस्थासँगको समन्वय र साझेदारीमा टेलिमेडिसिन सहितको सेवा प्रदान गर्न आवश्यक व्यवस्था मिलाइने छ।

१०४. दिगो विकास लक्ष्यमा निर्दिष्ट सरूवा रोग नियन्त्रण सम्बन्धी उपलब्धि हासिल गर्न सचेतना. रोग पहिचान र व्यवस्थापनलाई सुदृढ गरिने छ। क्षयरोग नियन्त्रणका लागि कृत्रिम बौद्धिकतामा आधारित एआई एक्स-रे सेवाको विस्तार तथा उपचार सुनिश्चित गरिने छ।

१०५. स्थानीय तहसँगको सहकार्यमा उच्च मातृ तथा नवशिशु मृत्युदर कम गर्न रणनीतिक स्थानमा रहेका बर्थिङ सेन्टरको वस्तुनिष्ठ व्यवस्थापन एवम् एकीकरण गरी प्रभावकारी सेवा प्रवाह गरिने छ।

१०६. प्रजनन स्वास्थ्य रूग्णता प्रारम्भिक परीक्षण र उपचार सेवाको पहुँच विस्तार गरिने छ। समुदायमा स्वास्थ्य सचेतना प्रवर्धन गर्न महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका को भूमिकालाई प्रभावकारी बनाइने छ।

१०७. नवशिशुको सघन उपचार सेवाका लागि अस्पतालमा एस.एन.सि.यु. तथा एन.आइ.सि.यु. सेवा सुदृढ तथा विस्तार गरिने छ। बालबालिकाको समग्र स्वास्थ्य, खोप र पोषण सम्बन्धी सेवालाई सुदृढ गरिने छ।

१०८. ज्येष्ठ नागरिकको शारीरिक तथा मानसिक स्वास्थ्य व्यवस्थापन गरी सहज जीवनयापनका लागि "स्वस्थ बुढ्यौली प्रवर्धन कार्यक्रम" सञ्चालन गरिने छ। रहेका प्रयोगशालाको क्षमता विकास गरिने छ। सरकारी एवम् निजी प्रयोगशालाको नियमन गरी गुणस्तर कायम गरिने छ।

११०. मानव, वातावरण र पशु स्वास्थ्यलाई एकै कोणबाट सम्बोधन गर्न "वान हेल्थ एप्रोच" को अवधारणालाई कार्यान्वयन गरिने छ। प्रति जैविक प्रतिरोध नियन्त्रणका लागि एन्टिबायोटिक को विवेकपूर्ण प्रयोग गर्न सचेतना अभिवृद्धि गरिने छ।

१११.आयुर्वेद, होमियोप्याथी तथा अन्य वैकल्पिक चिकित्सा पद्धतिलाई थप सुदृढ र विस्तार गरिने छ। आयुर्वेद स्वास्थ्य केन्द्र एवम् प्रदेश आयुर्वेद अस्पतालको गुणस्तर सुधार गरिने छ। आयुर्वेदमा प्रयोग हुने स्थानीय औषधिजन्य जडीबुटी उत्पादन एवम् प्रवर्धन गरिने छ। विदुषी योगमाया हिमालयन आयुर्वेद विश्वविद्यालयसँगको सहकार्यमा प्रादेशिक आयुर्वेद अस्पतालको क्षमता विकास गरी शैक्षिक कार्यक्रम सञ्चालन गर्न आवश्यक तयारी गरिने छ।

११२. नसर्ने रोग न्यूनीकरण का लागि "जीवन चक्र अवधारणा" मार्फत् नागरिक आरोग्य कार्यक्रम, स्वस्थ गर्भावस्था, ज्येष्ठ नागरिक स्वास्थ्य प्रवर्धन, स्तनपायी आमा कार्यक्रमलाई निरन्तरता दिइने छ। बहुक्षेत्रिय पोषण कार्यक्रमलाई प्रभावकारी बनाउन प्रदेश सरकार र स्थानीय तहबीच समन्वय तथा सहकार्य गरिने छ।

माननीय सदस्य

११३. उद्योग, कृषि र सहकारी क्षेत्रको विकास र नियमन कार्यलाई प्रभावकारी बनाउन नीतिगत, कानुनी तथा संरचनागत सुधार गरिने छ।

११४. गुणस्तरीय बिउ विजनको प्रयोग बढाई खाद्यान्नको उत्पादन र उत्पादकत्व वृद्धि गरी खाद्य र पोषण सुरक्षा सुनिश्चितता गरिने छ। बिउ विजन, मल, विषादीको प्रयोग र दाना पदार्थको गुणस्तर नियमन कार्यलाई प्रभावकारी बनाइने छ।

११५. माटोको गुणस्तर सुधारका लागि परीक्षण सेवा विस्तार गरी स्थानीयस्तरमा प्राङ्गारिक मलको उत्पादन, प्रयोग, सिप र प्रविधि हस्तान्तरणको माध्यमबाट जैविक र विषादिमुक्त खेतीलाई प्रोत्साहन गरिने छ।

११६. बालीनाली तथा पशुपन्छी क्षेत्रमा उच्च उत्पादन दिने नविन प्रविधि र जलवायु परिवर्तन अनुकुलन प्रविधि हस्तान्तरण कार्यलाई सघन रूपमा सञ्चालन गरिने छ। उन्नत प्रविधियुक्त व्यावसायिक कृषि र कृषि यान्त्रिकरण प्रवर्धनका लागि कृषि कर्जामा ब्याज अनुदान कार्यक्रमलाई निरन्तरता दिइने छ।

११७. स्थानीय सम्भाव्यता का आधारमा रैथानेबाली लगायतका कृषि तथा पशुपन्छीजन्य उपजको प्रशोधन, भण्डारण र बजार प्रवर्धन गर्ने कार्यमा स्थानीय तहसँग सहकार्य गरिने छ। खाद्य सुरक्षा सुनिश्चितताका लागि अन्नवाली मकै, गहुँ, कोदो, जौ, फापरलगायत र तराई तथा भित्री मधेशका जिल्लामा धान उत्पादनलाई प्रोत्साहन गरिने छ।

११८. कृषिजन्य वस्तुको बजार माग र आपुर्तिको पूर्वानुमानका आधारमा प्याज, लसुन, आलु, टमाटरजस्ता स्थानीय कृषि उपजको उत्पादनलाई प्रोत्साहन गरिने छ।

११९. चिया, कफी, अलैंची, अदुवा, दुध तथा दुधजन्य पदार्थ, छुर्पी, हरियो तरकारी, फलफूल, रूद्राक्ष, वोधिचित्त लगायतका कृषिजन्य पदार्थको उत्पादन र उत्पादकत्व वृद्धि गर्दै आन्तरिक बजार विस्तार तथा निर्यात प्रवर्धनमा प्रोत्साहन गरिने छ। केशर खेती लगायत जडीबुटी जन्य कृषि उत्पादनलाई प्रोत्साहन गरिने छ।

१२०. पशुपन्छीमा लाग्ने महामारी रोग नियन्त्रण गर्न खोप र जैविक सुरक्षाका विधिलाई निरन्तरता दिइने छ। महामारी नियन्त्रण गर्न द्रुत प्रतिकार्य टोली परिचालन गरिने छ। पशुलाई खोरेत बनाउने अभियानलाई प्रदेशव्यापी रूपमा विस्तार गरिने छ।

१२१. उन्नत नश्लका पशु विकास गर्न पशु नश्लसुधार कार्यक्रम सञ्चालन गरिने छ। उच्च उत्पादन क्षमता भएका पशुनश्ल उत्पादन गर्ने निजी व्यावसायिक फर्मलाई स्रोत केन्द्रको रूपमा विकास गरिने छ।

१२२. माछा उत्पादन र उपभोगमा आत्मनिर्भरता कायम गर्न झापा, मोरङ र सुनसरीमा व्यावसायिक पोखरीमा आधारित उत्पादन, पहाडी क्षेत्रमा ट्राउट माछा प्रवर्धन र नदी तथा जलाशयमा केज फिस फार्मिङ्गलाई प्रोत्साहन गरिने छ।

१२३. कृषि तथा पशुपालनमा आवद्ध साना किसान एवम् व्यावसायिक फर्ममा नियमित प्राविधिक विशेषज्ञ सेवा विस्तार गरिने छ। कृषि, पशुपन्छी र मत्स्य क्षेत्रमा अनुभवी तथा व्यावसायिक कृषकमार्फत साना किसानलाई प्राविधिक सल्लाह र क्षमता अभिवृद्धि गर्न अगुवा कृषकको पहिचान गरी सम्मान गरिने छ।

१२४. कोशी प्रदेशमा विश्वविद्यालय, शिक्षालय साथै विज्ञान तथा प्रविधि क्षेत्रमा अनुसन्धानरत संस्थाको साझेदारीमा कृषिको आधुनिकीकरण, यान्त्रीकरण र व्यावसायिकरण गर्ने कार्यलाई प्राथमिकता दिइने छ। विश्वविद्यालय र अनुसन्धान केन्द्रसँगको सहकार्यमा नवप्रवर्तनमा आधारित उद्यम स्थापना, अनुसन्धान र विकासलाई प्रोत्साहन गरिने छ।

१२५. निकासीजन्य कृषि उत्पादन र वन पैदावारको गुणस्तर परीक्षण प्रयोगशाला स्थापनाका लागि आवश्यक समन्वय गरिने छ।

१२६. स्थानीय कच्चा पदार्थमा आधारित वस्तु र सेवाको उत्पादन, प्रवर्धन, प्रयोग र बजार विस्तारमा जोड दिइने छ। प्रदेशभित्रका सार्वजनिक निकायमा स्थानीय उत्पादन उपयोग गर्न प्रोत्साहन गरिने छ।

१२७. उपभोक्ताको हक अधिकारको संरक्षण र स्वच्छ प्रतिस्पर्धात्मक वातावरणको निर्माण गर्न उपभोक्ता सचेतना, बजार अनुगमन, गुणस्तर परीक्षण लगायतका कार्यलाई जोड दिइने छ। वस्तु तथा सेवाको उचित मूल्य एवम् सहज उपलब्धता, गुणस्तर कायम तथा कालोबजारी, कृत्रिम अभाव र महङ्गी नियन्त्रण गरी आपूर्ति व्यवस्थालाई सहज बनाइने छ।

१२८. प्रभावकारी नियमनको माध्यमबाट सहकारीमा हुने अनियमितता, बचत अपचलन र ठगी नियन्त्रण गरिने छ। सहकारी क्षेत्रमा संलग्न मानव संसाधनको क्षमता विकास गरिने छ। सहकारी क्षेत्रको स्रोत, साधन र पूँजीलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्न प्रोत्साहन गरिने छ।

माननीय सभामुख महोदय,
माननीय सदस्यहरु,

अन्त्यमा, राजनीतिक दल, प्रदेश सभाका माननीय सदस्य, राष्ट्रसेवक कर्मचारी, प्राध्यापक, शिक्षक, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, कानून व्यवसायी, पेशाकर्मी, मजदुर, किसान, उद्योगी, व्यवसायी, बैङ्क वित्तीय तथा सहकारी संस्था, विकास साझेदार, नागरिक समाज, सञ्चारकर्मी लगायत प्रदेशवासी सम्पूर्ण दिदीबहिनी तथा दाजुभाई एवम् नीति तथा कार्यक्रम तर्जुमामा योगदान गर्नुहुने सम्पूर्णमा धन्यवाद ज्ञापन गर्दछु। धन्यवाद। विक्रम सम्वत् २०८३ साल जेष्ठ ७ गते बिहीबार।

# लागुऔषध सहित बीस जना पक्राउ




विराटनगर। झापा र सुनसरी जिल्लाको विभिन्न स्थानहरुबाट लागू औषध सहित २० जनालाई पक्राउ गरिएको छ।

झापाको गौरीगंज गाउँ पालिका-२ स्थितबाट इलाका प्रहरी कार्यालय गौरीगंजको प्रहरी टोलीले जेठ १४ गते विहीवारको दिन भारतकी रुकमणी देवी र निजको छोरी कोमल कुमारी हरिजनलाई २० ग्राम ३०० मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरेको थियो।

मेचीनगर नगरपालिका-६ का दुखु मियाँलाई २ ग्राम १७० मिलिग्राम ब्राउन सुगर सहित र झापा गाउँपालिका-५ का मिलन कुमार राजवंशी, कनकाई नगरपालिका-७ की सरु कार्की डोलीलाई ३ ग्राम ७०० मिलिग्राम ब्राउन सुगर सहित इलाका प्रहरी कार्यालय काँकरभिट्टा, इलाका प्रहरी कार्यालय अनारमनी र लागूऔषध नियन्त्रण व्युरो काँकरभट्टाले पक्राउ गरेको थियो।

सुनसरीको बराहक्षेत्र नगरपालिका-६ बाट इलाका प्रहरी कार्यालय महेन्द्रनगरले सोही स्थानका चन्दन कुमार बहदार, प्रबिन बि.क, अमर राई, आईत सिह तामाङ, समिर तामाङ र सुभराज राईलाई प्रतिबन्धीत औषधी ट्रामाडोल हाईड्रोक्लोराइड- २९० क्यापसुल, स्पास्मो- १५० ट्रयाब्लेट, एन्टिकोफ- १५० ट्रयाब्लेट र २७० मिलिग्राम ब्राउन सुगर सहित, प्रहरी चौकी भोक्राहानरसिंहले सोही स्थानका नियाउद्दिन आलमलाई ६२ ग्राम गाँजा, प्रतिबन्धित औषधी- २५ ट्रयाबलेट सहित, अस्थायी प्रहरी चौकी बाङगेले बराहक्षेत्र नगरपालिका-७ कि रचना राई र अरुणा बि.क. लाई १२० मिलिग्राम ब्राउन सुगर सहित र जिल्ला प्रहरी कार्यालय सुनसरीले ईटहरी उप-महानगरपालिका-२ का संजोग राई, जित बहादुर राई र पुस्पा प्रधानलाई ६ ग्राम ९७० मिलि ग्राम ब्राउन सुगर सहित पक्राउ गरेको थियो।

त्यसैगरी झापाको मेचिनगर नगरपालिका-१० स्थितबाट इलाका प्रहरी कार्यालय धुलाबारीबाट खटिएको प्रहरी टोलीले सोही स्थानका मनोज बराईलीलाई ३९० मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरेको थियो।

सुनसरीको धरान उप-महानगरपालिका-१७ स्थितबाट इलाका प्रहरी कार्यालय धरानले सोही स्थानका निशान राईलाई प्रतिबन्धित औषधी ३०० क्याप्सुल र क्लोबिन १८० क्याप्सुल सहित र इलाका प्रहरी कार्यालय पकलीले रामधुनी नगरपालिका-६ का राजु कटवाललाई प्रतिबन्धीत औषधी ट्रामोल ८२४ क्यापसुल, डिकोलिक ८४९ ट्याब्लेट र नगद १ लाख २२ हजार ३९० रुपैया सहित पक्राउ गरेको थियो।

त्यसैगरी ताप्लेजुङको फुङलिङ नगरपालिका-२ स्थितबाट जिल्ला प्रहरी कार्यालय ताप्लेजुङ र प्रहरी चौकी भानुबाट खटिएको प्रहरी टोलीले सोहि स्थानका फुपु सेदाप शेर्पा र सुनसरी जिल्ला धरान-६ का विकेश लिम्बुलाई प्रतिबन्धीत औषधी ट्रामोल-५० क्याप्सुल, क्लारियो- ५० चक्की सहित पक्राउ गरेको थियो।

पक्राउ परेको सबैजनाको थप अनुसन्धान सम्बन्धित प्रहरी कार्यालयबाट भई रहेको छ।

**कर तिरौं, राजश्व बढाऔं**

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो। त्यसैले कर तिरौं देशको राजश्व बढाऔं।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस्।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर।

**अन्तरिक राजश्व कार्यालय विराटनगर**